
नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्


वर्ष ५, अंक ४, साउन




# अपराध अनुसन्धान
## मासिक ई-बुलेटिन







**प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. दिवेश लोहनी

**सल्लाहकार**
प्र.ना.म.नि. उमेश राज जोशी
प्र.ब.उ. चन्द्र कुवेर खापुङ

**सम्पादक मण्डल**
प्र.नि. सबिता के.सी.
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**
प्र.स.नि. भुवन तिमिल्सैना


| | |
|---|---|
| विभागीय गतिविधि | १ |
| मासिक अपराध तथ्याङ्क | २ – ७ |
| प्रहरी सेवा प्रवाह | ८ – ९ |
| खोजतलास तथा समन्वय | १० |
| अपराध अनुसन्धानमा सहायता प्रदान | ११ – १२ |
| अपराध समाचार | १३–१५ |
| उत्कृष्ट अनुसन्धान | १६ |

# विभागीय गतिविधि

## INTERPOL Project LEADER Policing Capabilities Table Top Exercise कार्यक्रम समापन




*काठमाडौं, २० साउन*

काठमाडौंस्थित र्‍याडिसन होटलमा संचालित INTERPOL Project LEADER Policing Capabilities Table top Exercise बिषयक कार्यक्रमको समापन प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ।

Norwegian Ministry of Foreign Affairs को सहकार्यमा संचालित ३ वर्षे Project LEADER सम्बन्धी कार्यक्रममा नेपाल प्रहरीले विभिन्न समयमा Virtually तथा In-person रुपमा सहभागिता जनाउदै आईरहेकोमा हाल नेपालमा प्रत्यक्ष रूपमा सम्पन्न उक्त कार्यक्रममा INTERPOL Policing Capabilities, Digital Forensics, Use of Digital Forensics tools जस्ता विधामा प्रशिक्षण प्रदान गरिएको थियो। सो कार्यक्रमबाट प्रदान गरिएका विषयवस्तुलाई आगामी दिनमा सहभागीहरुले आ-आफ्नो कार्य क्षेत्रमा प्रयोग गरी Digital Evidence Handling, Information Sharing तथा अनुसन्धानको विधामा महत्वपूर्ण भूमिका निर्वाह गर्दै सुरक्षित समाजको लागि प्रहरीहरुको सहकार्यमा थप मद्दत हुने अपेक्षा गरिएको छ।

सरकार, INTERPOL Project LEADER र नेपाल प्रहरीको सह-आयोजनामा एसिया तथा दक्षिणपूर्वी एसियाका नेपालसहित बंगलादेश, भुटान, ब्रुनाई, कम्बोडिया, माल्दिभ्स, मंगोलिया, श्रीलंका र भियतनामबाट Digital Forensics, National Centre Bureau, Investigations विधामा काम गर्ने २७ जना प्रहरी अधिकृतहरु सहित INTERPOL को Project LEADER का विशेषज्ञहरुको उपस्थितिमा साउन १६ गतेबाट उक्त कार्यक्रम संचालन भएको थियो।

## आसरा सुधार केन्द्रको २४औं वार्षिक साधारणसभा सम्पन्न

काठमाडौं, ३१ साउन

आसरा सुधार केन्द्रकी अध्यक्ष श्रीमती कुसुमलता सिंहको उपस्थितिमा आसरा केन्द्र रानिबारीको २४औं वार्षिक साधारणसभा सोही केन्द्रमा आयोजित कार्यक्रम बीच सम्पन्न भएको छ।

सो अवसरमा केन्द्रकी अध्यक्ष सिंहले सीमित स्रोत र साधनका बाबजुद पनि विगत २५ वर्षदेखि हालसम्म ५ हजार ६ सय ४५ जना पुरुष तथा महिला लागूऔषध प्रयोगकर्ताहरूलाई उपचारात्मक विधि अपनाई सुधारात्मक बाटोमार्फत् समाजमा पुनर्स्थापना गराउने कार्यमा केन्द्रले योगदान पुऱ्याएको बताउनुभयो । कल्याणकारी र परोपकारी सेवाभावका साथ जनचेतनामूलक कार्यक्रमहरूलाई अझ प्रभावकारी रूपमा सञ्चालन गरी सेवा प्रवाहमा संख्यात्मक मात्र नभई गुणात्मक रुपमा सुधार गर्न केन्द्र कटिबद्ध रहेको उहाँले बताउनुभयो।

उक्त केन्द्रकी सचिव रूपा थापाले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको सो कार्यक्रममा केन्द्रकी कोषाध्यक्ष नबिना कार्कीले आ.व. २०७८/०७९ को आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

## बागमती प्रदेश स्तरीय अपराध अनुसन्धान गोष्ठी २०७९ सम्पन्न



*काठमाडौं, २६ साउन*

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्ण प्रसाद शर्मा खनालको प्रमुख आतिथ्यमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग नक्साल एवं बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको संयुक्त आयोजनामा "बागमती प्रदेश स्तरीय अपराध अनुसन्धान गोष्ठी-२०७९" सम्पन्न भएको छ।


कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्री खनालले पछिल्लो समय अपराधिक प्रवृत्तिमा परिवर्तन हुँदै गईरहेकोले अनुसन्धान अधिकृतको क्षमता विकास एवं प्रविधिमुलक अपराध अनुसन्धानका निमित्त अनुसन्धानमा प्रयोग हुने स्रोत साधनको व्यवस्थापनमा जोड दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा बागमती प्रदेशका मुख्य न्यायाधिवक्ता श्याम नारायण श्रेष्ठले पछिल्लो समय अपराधको ट्रेन्डमा परिवर्तन अनुसार प्रहरीले आफूलाई तयारी अवस्थामा राख्नुपर्ने बताउनुभयो । कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक उत्तमराज सुवेदीले अपराध अनुसन्धान प्रविधिमैत्री हुनुपर्ने चर्चा गर्दै अपराध अनुसन्धान गर्ने तल्लो ईकाईमा बास्तविक अनुसन्धानमा देखिएका समस्याको बारेमा जानकारी लिने र समस्या समाधानमा यस गोष्ठी फलदायी हुने विश्वास व्यक्त गर्नुभयो। सोही अवसरमा चितवन जिल्लाका जिल्ला न्यायाधीश रितेन्द्र थापाले अपराध अनुसन्धानका तीन अवयवहरु अनुसन्धान, अभियोजन र न्यायालयबीच निरन्तर समन्वय र सहकार्य हुनुपर्नेमा जोड दिनुभयो । साथै चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी अस्मान तामाङले अपराध अनुसन्धान क्षेत्रलाई विशिष्टिकृत गरी मुद्धा शाखामा काम गर्ने प्रहरी कर्मचारीहरुलाई मोटिभेसन गर्नुपर्नेमा जोड दिनुभयो।


अपराध अनुसन्धानमा बढेको चुनौतिहरु र समाधानका उपायहरु पत्ता लगाउन नयाँ-नयाँ प्रविधिको प्रयोग गर्ने, बागमती प्रदेश भित्रका अपराध अनुसन्धान गर्ने ईकाईहरुको वर्तमान अवस्था, विद्यमान जनशक्ति तथा स्रोत र साधनहरुबीचको अधिकतम परिचालन एवं अन्तर कार्यालयबीच समन्वयको विकास गर्ने उद्देश्यका साथ उक्त गोष्ठी आयोजना गरिएको हो।

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको साउन महिनाको अपराध तथ्याङ्क प्रस्तुति





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्धा दर्ता संख्या ( जेठ - साउन )




## त्रैमासिक मुद्धा दर्ता र फछर्यौट संख्या (जेठ- साउन)





## अपराध तंथ्याक (०७५/०७६ देखि ०७८/०७९ साउन सम्म)




## जघन्य अपराधको प्रदेशगत बिश्लेषण
## (आ.व २०७८/०७९ साउन सम्म)





## गम्भीर अपराधको प्रदेशगत बिश्लेषण
## (आ.व २०७८/०७९ साउन सम्म)




## सामान्य अपराधको प्रदेशगत बिश्लेषण
## (आ.व २०७८/०७९ साउन सम्म)





## साउन महिनामा घरेलु हिंसा सम्बन्धि तथ्याङ्क विश्लेषण:



## साउन महिनामा जबरजस्ती करणी अपराधमा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## साउन महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणी अपराधको तथ्याङ्क:




## साउन महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| सि.नं. | प्रदेश/ उपत्यका /ब्युरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाडौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ६८ | ४ वर्ष ९ महिना ६ दिन | रु.२,६९,६५,९२७।- |
| २. | १ नं.प्रदेश प्रहरी कार्यालय, विराटनगर | १५२ | ४५ वर्ष ०३ महिना २९ दिन | रु.१२,८६,३१०।- |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ३०० | ९० वर्ष ११ महिना १४ दिन | रु.३७,७१,८७९।- |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ४३ | २० वर्ष ५ महिना १४ दिन | रु.१२,९२,९१९।- |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ४४ | ११ वर्ष ०१ महिना २१ दिन | रु.५३,१४,२०३।- |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ, | ३८ | १६ वर्ष ०४ महिना २९ दिन | रु.१३,६०,९००।- |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १८ | ०९ वर्ष ०२ महिना ८ दिन | रु.५,४२,१२५।- |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १३ | ५ वर्ष११ महिना ० दिन | रु.३,०१,६००।- |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | १४ | ५ वर्ष ११ महिना ६ दिन | रु.२,०४,७४,०००।- |
| | जम्मा | ६९० जना | २०९ वर्ष ४ महिना २३ दिन | रु.६,१३,०९,८६३।- |

## साउन महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## असार र साउन महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या




# प्रहरी सेवा प्रवाह

## साउन महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी विवरण




## सामुदायिक प्रहरी गतिविधि

साउन महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं.१२४ कार्यक्रमहरू)



# आसरा सुधार केन्द्र

## साउन महिनाको लागुऔषध सेवनकर्ता उपचार विवरण

| सि.नं. | विवरण | भर्ना संख्या | डिस्चार्ज संख्या | उपचाररत संख्या |
|---|---|---|---|---|
| १ | आसरा सुधार केन्द्र, रानीबारी | २४ जना | २९ जना | ११६ जना पुरुष |
| २ | महिला आसरा सुधार केन्द्र, तिलगंगा | नभएको | नभएको | नभएको |

## साउन महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको विवरण

| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १ | बिदेशी नागरिकहरूको मृत्यु | ० |
| २ | बिदेशी नागरिकहरूको पक्राउ | ०९ जना |
| ३ | हराएका विदेशी नागरिक | १ जना (भारतिय महिला)। |
| ४ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | २०९७ जना। |
| ५ | बिदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहिका लागी अध्यागमन कार्यालय पठाईएको | १ जना (चिनियाँ)। |

### इन्टरनेटमा सुरक्षित रहन के गर्ने, के नगर्ने ?

- ✔ बलियो पासवर्ड राख्ने, बेला बेलामा फेर्ने र पासवर्ड कसैलाई पनि नदिने ।
- ✔ सामाजिक सञ्जालमा प्राइभेसी सेटिङ्ग मिलाएर गोप्य कुरा सुरक्षित राख्ने ।
- ✔ दुःख दिने खराब 'अनलाइन साथी'लाई ब्लक गर्नुका साथै रिपोर्ट गर्ने ।
- ✔ अनलाईनमा कसैले दुःख दिए आमाबुवा, सर/मिस वा विश्वासिलो साथीलाई भन्ने ।
- ✘ राम्ररी नचिनेकालाई अनलाईनमा साथी नबनाउने ।
- ✘ अनलाईनमा बनाइएका साथीसँग फोन नं र गोप्य राख्नु पर्ने कुरा शेयर नगर्ने ।
- ✘ आफूलाई नराम्रो र अप्ठ्यारो पार्न सक्ने फोटो र भिडियो फोन, कम्प्यूटर र फेसबुकमा नराख्ने, अरुलाई नपठाउने ।

मद्दत आवश्यक परेमा १०० मा फोन सकिन्छ । यो नम्बरमा फोन गर्दा पैसा लाग्दैन ।


### बालबालिकाका लागि सुरक्षित इन्टरनेट





- इन्टरनेटमा बालबालिकाका लागि कस्ता खतरा हुन सक्छन् - जानी राखौं ।
- इन्टरनेटमा के के गर्दा नराम्रा कुराबाट जोगिन सकिन्छ - थाहा पाऔं ।
- इन्टरनेटको सुरक्षित प्रयोग गरौं, आफू बचौं र अरुलाई पनि बचाऔं ।

# खोजतलास तथा समन्वय

## साउन महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको विवरण




## साउन महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पूनर्मिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव

- DFL शाखाबाट साउन महिना भित्र बिभिन्न ८० वटा मुद्दा शीर्षक आत्महत्या, कर्तब्य ज्यान, जबरजस्ती करणी, ज्यान सम्बन्धी कसुर, ठगी, बिद्युतीय कसुर, मानव बेचबिखन, लागु औषधी, आत्महत्या दुरुत्साहन, नखुलेको ज्यान सम्बन्धी, अवैध मुद्रा सम्बन्धी कसुर, आपराधिक लाभ, अपहरण, हातहतियार खरखजाना,बिष्फोटक पदार्थ, जाली नोट,किर्ते, बैकिङ कसुर र अभद्र ब्यवहार) अन्तर्गत ११५ वटा मुद्दाको ५७८ वटा सबुदहरु परीक्षण गरिएको ।

## दुरसंचार समन्वय शाखा

- साउन महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघिय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरु संग Co-ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको ।





## केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुशी

- २०७९/०४/०१ गते देखि ऐ.३१ गते सम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागि ७८० केशहरु र ४०२० नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डिङ केशहरु समेत गरी ८०० परीक्षण गरिएको ।
- (AFIS) मा २०५२ Data Entry भएको ।

## केनाईन महाशाखा, महाराजगञ्ज

### साउन महिनामा परिचालित मासिक ड्युटी संख्या








# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### कुटपिट गरी हत्या गरेको अभियोगमा पक्राउ

*ताप्लेजुङ, ७ साउन*

आफ्नै श्रीमती ५४ वर्षीया कान्छीमाया लिम्बुलाई कुटपिटबाट गरी हत्या गरेको अभियोगमा फुङलिङ नगरपालिका-९ बस्ने ६५ वर्षीय बल बहादुर साँवालाई प्रहरीले पक्राउ गरेको छ।
घरायसी वादविवादको कारण बल बहादुरले कुटपिट गर्दा कान्छीमायाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय ताप्लेजुङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### आफ्नै श्रीमतीको विभत्स हत्या गरेको अभियोगमा पक्राउ

*रुपन्देही, १२ साउन*

आफ्नै श्रीमती ३१ वर्षीया साबित्री थापा क्षेत्रीको विभत्स हत्या गरेको अभियोगमा कञ्चन गाउँपालिका-१ डेलर बस्ने ३३ वर्षीय यम बहादुर थापा क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ। आफ्नै घरको सुत्ने कोठामा साबित्री मृत अवस्थामा रहेको भन्ने सूचना प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सालझण्डीबाट खटिएको प्रहरीले घटना शंकास्पद र हत्या भएको हुन सक्ने देखिए पश्चात यम बहादुरलाई तत्काल नियन्त्रणमा लिएको थियो । थप अनुसन्धानको क्रममा यम बहादुरले मादक पदार्थ सेवन गरी सुतेकोमा श्रीमती समेतले अघिल्लो दिन दराजमा राखेको नगद १ हजार रुपैयाँ लिई रक्सी किनेर खाई सुतेकोमा यम बहादुरले उठेर पैसा गन्दा एक हजार कम भएपछि श्रीमतीलाई उठाई पैसा नसोधी लिई गएको भनि कुटपिट गर्ने क्रममा खाटको खुट्टा र भित्तामा टाउको ठोकाई हत्या गरेको अनुसन्धानबाट खुल्न आएको छ। उनी उपर ज्यान सम्बन्धि कसूर अन्तर्गत म्याद थप गरी प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

### आफ्नै बुवाको हत्या गरेको अभियोगमा पक्राउ

*बैतडी, १३ साउन*

आफ्नै बुवा ६८ वर्षीय अन्तराम जोशीलाई मही बनाउने पारो प्रहार गरी हत्या गरेको अभियोगमा डिलासैनी गाउँपालिका-५ सेरा बस्ने २३ वर्षीय लोकराज जोशीलाई प्रहरीले पक्राउ गरेको छ। लोकराजले पारो प्रहार गर्दा उनकै बुवाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी गोकुलेश्वर र ईलाका प्रहरी कार्यालय पाटनबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यान घटनामा संलग्न रही फरार व्यक्ति पक्राउ

*काठमाडौं, ३१ साउन*

कर्तव्य ज्यान घटनामा संलग्न रही फरार रहेका दोलखा बैतेश्वर गाउँपालिका-२ टार ठेगाना भएका ३६ वर्षीय राम कुमार मगर घटनाको १६ वर्षपछि पक्राउ परेका छन्।

काठमाडौं महानगरपालिका-३२ कोटेश्वर बस्ने २३ वर्षीय मनोज खड्काको कोटेश्वर स्थित सडकमा २०६३ साउन २ गते कुटपिट एवं धारिलो हतियार प्रहार गरी हत्या गरेको घटनाको अनुसन्धानको क्रममा घटनामा संलग्न रही फरार रहेका मगर वैदेशिक रोजगारीको लागि कतारमा रहेको खुल्न आएपछि नेपाल प्रहरी प्रधान कार्यालय ईन्टरपोल शाखालाई रेड कर्नर नोटिस जारी गर्न २०७८ चैत २४ गते लेखापढी भएकोमा सोही शाखाको समन्वयमा कतारबाट नेपाल ल्याई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनमा बुझाइएको हो । उनलाई आवश्यक कानुनी कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## बैंकिङ कसूर सम्बन्धी

### ठगी तथा कीर्ते गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १ साउन*

नक्कली छाप र दस्तखतको प्रयोग गरी ठगी तथा कीर्ते गरेको अभियोगमा ललितपुर महानगरपालिका-१५ सातदोबाटो बस्ने मकवानपुर थाहा नगरपालिका-६ घर भएका २१ वर्षीय वाशुदेव अर्याललाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं महानगरपालिका-११ त्रिपुरेश्वरस्थित सीतापाइला बस्ने प्युठान, प्युठान नगरपालिका-४ घर भएका प्रकाश राज भण्डारीको फल्कोनाइड इम्पोर्ट एण्ड एक्सपोर्ट प्रालिको नाउँको नक्कली छाप र प्रकाश राजको नक्कली दस्तखत प्रयोग गरी नेपाल एसबिआई बैंक लिमिटेडको खाताबाट असम्बन्धित ब्यक्तिले पैसा निकाली रहेको भन्ने सूचना प्राप्त हुनासाथ प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले घटनामा संलग्न अर्याललाई विभिन्न दशी प्रमाण सहित काठमाडौं कलंकीस्थित नेपाल एसबिआई बैंक लिमिटेडबाट पक्राउ गरेको हो। उनी उपर लिखत सम्बन्धी कसूर अन्तर्गत जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप अनुमति प्राप्त गरी प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### ठगी सम्बन्धि कसूर तथा संगठित अपराधमा फरार प्रतिवादी पक्राउ

*काठमाडौं, ४ साउन*

ठगी सम्बन्धी कसूर तथा संगठित अपराधमा फरार प्रतिवादी काठमाडौं कीर्तिपुर नगरपालिका-१ बस्ने धनकुटा, धनकुटा नगरपालिका-६ घर भएकी ५७ वर्षीया सिर्जना शाक्य (तामाङ) लाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं महानगरपालिका-१३ सोल्टीमोडस्थित सिभिल सेभिङ एण्ड क्रेडिट सहकारी संस्थामा आकर्षक ब्याजदर एवं विभिन्न प्रलोभन समेतमा पारी ठुलो संख्यामा वचतकर्ताहरुलाई रकम जम्मा गर्न लगाई संगठित रुपमा ५ अर्ब ८४ करोड ४० लाख २१ हजार ७ सय १३ रुपैयाँ १० पैसा ठगी गरेको घटनामा संलग्न रही फरार रहेकी उक्त संस्थाकी लेखा समिति सदस्य सिर्जनालाई केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरीले काठमाडौं रामशाहपथबाट पक्राउ गरेको हो। साथै सोही घटनामा संलग्न उक्त संस्थाका पूर्व अध्यक्ष ईच्छा राज तामाङ सहित १२ जना प्रतिबादीहरुलाई २०७८ मंसिर १७ गते प्रहरीले पक्राउ गरी जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेकोमा ईच्छा राज तामाङ र केशवलाल श्रेष्ठ पुर्पक्षको लागि कारागारमा रहेका छन्। सिर्जनालाई आवश्यक कानूनी कारबाहीको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ।

### एटिएम मेशिन फोर्न खोज्ने पक्राउ

*कास्की, २ साउन*

पोखरा महानगरपालिका-८ न्यूरोडस्थित एनआईसी एशिया बैंकको एटिएम मेशिन फोर्न खोजेको अभियोगमा सोही महानगरपालिका-९ पृथ्वी चोक बस्ने रुकुम घर भएका १९ वर्षीय नरेश पुन मगरलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। उनी उपर चोरी उद्योग मुद्दामा जिल्ला अदालत कास्कीबाट ५ दिन म्याद थप अनुमती लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

### नक्कली सुन देखाई ठगी गर्ने खोज्ने दुई जना पक्राउ

*कास्की, ३ साउन*

पोखरा महानगरपालिका-८ न्यूरोडस्थित एक होटलमा २ वटा नक्कली सुनको बाला देखाई सक्कली हो भन्दै ठगी गर्न खोजेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा पोखरा महानगरपालिका-४ रामकृष्ण टोल बस्ने चितवन माडी नगरपालिका-८ बसन्तपुर घर भएका ३५ वर्षीय धर्मेन्द्र खाती (शाय) र पोखरा महानगरपालिका-१६ घर्मीखोला बस्ने स्याङ्जा अर्जुन चौपारी गाउँपालिका-४ रापाकोट घर भएका ४० वर्षीय डिल बहादुर बिक रहेका छन्। उनीहरूले उक्त होटलमा ठगी गर्न खोजेको अवस्थामा जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो।

उनीहरू उपर आपराधिक षडयन्त्र सम्बन्धी कसूरमा जिल्ला अदालत कास्कीबाट ७ दिन म्याद थप अनुमती लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइहेको छ।

## यौन जन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*बर्दिया, १ साउन*

६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मधुवन नगरपालिका-६ गाँउ नम्बर २ श्रीनगर बस्ने २६ वर्षीय मान बहादुर रजालीलाई प्रहरीले पक्राउ गरेको छ।

सोही ठाउँस्थित गोठको पछाडी लगेर रजालीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सानोश्रीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*रूपन्देही, ५ साउन*

चार वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सैनामैना नगरपालिका-२ सरौली संगमचोक बस्ने ४९ वर्षीय खेम प्रसाद भुसाललाई प्रहरीले पक्राउ गरेको छ। भुसालले ती बालिकालाई आफ्नै घरमा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय रन्यौराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### चार वर्षीया बालिकाको जबरजस्ती करणी गरी हत्या गरेको अभियोगमा तीन जना पक्राउ

*पर्सा, ९ साउन*

चार वर्षीया बालिकालाई जबरजस्ती करणी गरी हत्या गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा वीरगंज महानगरपालिका-२ बस्ने १९ वर्षीय जफ्रुदीन भन्ने सलमान खान, सोही महानगरपालिका-१६ बस्ने १८ वर्षीय किशोर र १२ वर्षीय बालक रहेका छन्। बालिका हराएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा वीरगंज महानगरपालिका-२ छप्कैयास्थित खाली जग्गाको झाडीमा ती बालिकाको शव फेला पारेको थियो। घटनाको थप अनुसन्धानको क्रममा घटनामा संलग्न १२ वर्षीय बालकलाई पक्राउ गरी थप सोधपुछको क्रममा निज बालक र अन्य ३ जनाको संलग्नतामा ती बालिकालाई जबरजस्ती करणी पश्चात हत्या गरेको खुल्न आएको हो। घटनामा संलग्न मध्ये सलमान खानलाई सोही महानगरपालिका-२ घुसुकपुरस्थितबाट तथा १८ वर्षीय किशोरलाई सोही महानगरपालिका-१६ नगवास्थित सडकबाट प्रहरीले पक्राउ गरेको हो।

उनीहरु उपर जबरजस्ती करणी तथा ज्यान सम्बन्धी कसूरमा जिल्ला अदालत पर्साबाट ५ दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भइरहेको छ भने घटनामा संलग्न हाल फरार १ जनाको प्रहरीले खोजी गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, ११ साउन*

कञ्चनपुर, ५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा लालझाँडी गाउँपालिका-२ कञ्ज कसुवा बस्ने ५५ वर्षीय राम दत्त रानालाई प्रहरीले पक्राउ गरेको छ। रानाले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय शंकरपुर र ईलाका प्रहरी कार्यालय बेलौरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

## लागू औषध सम्बन्धी

### ७२ किलो अवैध लागूऔषध चरेश बरामद

*धादिङ, १ साउन*

निलकण्ठ नगरपालिका-८ च्याँडुस्थित थोपल खोला नजिकबाट ७२ किलो अवैध लागूऔषध चरेश जस्तो देखिने पदार्थ प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय धादिङबाट गस्तीमा खटिएको प्रहरीले सोही स्थानमा दुईवटा बोरामा रहेको उक्त पदार्थ फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### अवैध लागुऔषध गाँजा सहित पक्राउ तथा बरामद

*काठमाडौं, १६ साउन*

झापा, मेचिनगर नगरपालिका-१४ दुवागढी बस्ने ५० वर्षीया जेगुन खातुनलाई करिब २ किलो ५ सय ग्राम अवैध लागुऔषध गाँजा सहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय धुलाबारी र प्रहरी चौकी चारआलीबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा घरभित्र लुकाई राखिएको अवस्थामा उक्त गाँजा फेला पारी उनलाई पक्राउ गरेको हो।

### अवैध लागुऔषध सहित पक्राउ तथा बरामद

*काठमाडौं, १८ साउन*

काठमाडौं, चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट करिब ३ किलोग्राम अवैध लागुऔषध गाँजा सहित धादिङ गजुरी गाउँपालिका-६ बस्ने १९ वर्षीय जिबन मगरलाई प्रहरीले पक्राउ गरेको छ। धादिङबाट काठमाडौंतर्फ आउँदै गरेको बा.३ ख ९०६५ नम्बरको बसलाई प्रहरी प्रभाग नागढुङ्गाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो।

मोरङ, बिराटनगर महानगरपालिका-१४ स्थित सडकबाट को.२ ह ४६१० नम्बरको सिटी सफारीबाट ६१ किलोग्राम अवैध लागुऔषध गाँजा प्रहरीले बरामद गरेको छ। ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीलाई देख्ना साथ सिटी सफारीमा रहेको उक्त गाँजा छोडी चालक फरार भए पश्चात प्रहरीले उक्त गाँजा बरामद गरेको हो। हाल फरार सिटी सफारी चालकको प्रहरीले खोजी गरिरहेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## २३ ओटा छत कछुवा सहित दुई जना पक्राउ

*काठमाडौं, १३ साउन*

काठमाडौं महानगरपालिका-६ बौद्ध सिद्धार्थ ओरालो नजिकबाट २३ ओटा छत कछुवा(Roofed Turtle) सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा टोखा नगरपालिका-३ टोखा घर भएका २१ वर्षीय रमेश डंगोल र टोखा बस्ने सुनसरी बहाक्षेत्र नगरपालिका-९ प्रकाशपुर घर भएका २१ वर्षीय अनुराग मगर रहेका छन्। उक्त स्थानमा छत कछुवा बिक्री हुँदै गरेको भन्ने सूचना प्राप्त हुनासाथ प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा जिबितै कछुवा फेला पारी उनीहरूलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जंगली हात्तीको आक्रमणबाट महिलाको मृत्यु

*चितवन, २० साउन*

भरतपुर महानगरपालिका-६ देवनगर बस्ने ५१ वर्षीया माया बिकको सोही ठाउँस्थित दक्षिणकाली सामुदायिक जंगलमा जंगली हात्तीको आक्रमणमा मृत्यु भएको छ। साथीहरुसँग घाँस काट्न उक्त जंगलमा गएकोमा हात्तीको आक्रमणबाट उनको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गितानगरबाट खटिएको प्रहरीले यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

## विद्युतीय ठगी तथा अनलाईन ग्याम्बलिङमा संलग्न चार जना पक्राउ

*काठमाडौं, १२ साउन*

काठमाडौं महानगरपालिका-२६ ठमेलबाट विद्युतीय ठगी तथा अनलाईन ग्याम्बलिङमा संलग्न रहेको अभियोगमा चिनियाँ नागरिक ४८ वर्षीय सु सुजि समेत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। उक्त स्थानमा अनलाईन ग्याम्बलिङ भइरहेको भन्ने सूचनाको आधारमा प्रहरी वृत्त लैनचौर र जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले खानतलासी गर्दा विद्युतीय ठगी तथा अनलाईन ग्याम्बलिङ खेलाउन प्रयोग भएका ४ सय ७२ थान मोबाइल, २६ थान ल्यापटप, १ हजार ६२० थान एनसेलको सिमकार्ड, २० थान स्मार्टको सिमकार्ड, १० थान पेनड्राईभ र १ लाख ९० हजार रूपैयाँ मूल्य बराबरको एनसेलको रिचार्ज कार्ड सहित उनीहरूलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## नेपाली नक्कली नोट सहित पक्राउ

*सर्लाही, ८ साउन*

हरिवन नगरपालिका-११ स्थित कार्की पुस्तक पसल अगाडिबाट १ हजार दरको ५० थान नेपाली नक्कली नोट सहित भारत सितामढी सोनवर्षा परछुहिया-९ घर बताउने ४० वर्षीय लालमोहन पासवानलाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय हरिवनबाट खटिएको प्रहरीले उनलाई उक्त नोटहरू सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध रूपमा लैजान लागेको विभिन्न देशको मुद्रा सहित पक्राउ

*काठमाडौं, २२ साउन*

अबैधरुपमा लुकाई छिपाई बाहिरी मुलुकतर्फ लैजान लागेको विभिन्न देशका मुद्राहरू सहित भारतीय नागरिक राहदानी नम्बर जेड ५५६५७१५ बाहक ४३ वर्षीय अंकुर घनसे पटेललाई प्रहरीले पक्राउ गरेको छ। उनको साथबाट प्रहरीले ३ हजार ६ सय अमेरिकी डलर, २ हजार १ सय ३० पाउण्ड स्टर्लिङ, ३ हजार २ सय यूरो, ४ हजार ४ सय ६५ यूएई दिराम र ४ हजार ६ सय ५० केन्याको स्टर्लिङ बरामद गरेको छ। फ्लाई दुबईको उडानद्वारा काठमाडौंबाट दुबई जान लागेका उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान होल्ड ब्यागेज चेकिङ एरियाको एक्स-रे मेसिनमा जाँच गर्दा झोलामा अवैध रूपमा लुकाई लैजान लागेको उक्त मुद्राहरू फेला पारी प्रहरीले पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बेलायत पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, २९ साउन*

बेलायत पठाईदिन्छु भन्दै नगद १५ लाख रुपैयाँ ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-२९ सामाखुसी बस्ने ईलाम, ईलाम नगरपालिका-१ नारायणटार घर भएका ३७ वर्षीय प्रकाश राईलाई प्रहरीले पक्राउ गरेको छ।

राईले ५ जनालाई सिजनल भिषामा बेलायत जानको लागि प्रति व्यक्ति नगद ९ लाख रुपैयाँ लाग्ने र बेलायत पुगेपछि प्रतिष्ठित एग्रिकल्चर कम्पनीमा काम लगाइदिन्छु मासिक नगद ४ लाख रुपैयाँसम्म तलव हुन्छ भनी विश्वास दिलाई प्रलोभनमा पारी उनीहरूबाट प्रतिव्यक्ति ३ लाख गरी जम्मा १५ लाख रुपैयाँ लिई ठगी गरी सम्पर्क बिहिन भएका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले काठमाडौ सिनामंगल शम्भुमार्गबाट पक्राउ गरेको हो उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौं पठाइएको छ।

## नेदरल्याण्ड पठाईदिन्छु भनि रकम ठगी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, ३० साउन*

नेदरल्याण्ड पठाईदिन्छु भनि रकम ठगी गरेको अभियोगमा खोटाङ बाह्पोखरी गाउँपालिका-५ देवथान घर भई हाल काठमाडौं महानगरपालिका-३२ कोटेश्वर बस्ने मुन ह्युमन रिसोर्स प्रालिका सञ्चालक ३५ वर्षीय प्रकाश राईलाई प्रहरीले पक्राउ गरेको छ।

प्रकाशले १६ जना व्यक्तिहरूलाई वर्किङ भिषामा नेदरल्याण्ड जानको लागि प्रतिव्यक्ति १६ लाख रूपैयाँ लाग्छ, पानीजहाजको सिम्यानको रुपमा काममा लगाईदिन्छु, सुरूमा मासिक ७५ हजार रूपैयाँ तलव हुन्छ भन्ने प्रलोभन देखाई उनीहरूबाट १ करोड ३६ लाख ५० हजार रूपैयाँ रकम ठगी गरी सम्पर्क विहिन भएकोले पक्राउ गर्न वैदेशिक रोजगार विभागबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई कोटेश्वरबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौंमा पठाइएको छ।

**"Say No To Drugs"**

-Nepal Police

# उत्कृष्ट अनुसन्धान

## हत्याका अभियुक्त पुर्पक्षको लागि कारागार चलान

मिति २०७९।०४।०६ गते अं. १७;०० बजेको समयमा जिल्ला ताप्लेजुङ फूङलिङ नगरपालिका वडा नं. ९ हाङदेवा गाईगुडे बस्ने बर्ष ५५ को बल बहादुर साँवा लिम्बुले आफ्नो घरमा आफ्नै श्रीमती वर्ष ५४ की कान्छीमाया लिम्बुलाई ज्यान मार्ने मनसायले लात्ती, मुक्का तथा हँसिया समेतले कुटपिट गरी सोही चोटपिरकको कारण निज कान्छिमाया लिम्बुको घटनास्थलमा मृत्यु भएको हुँदा विपक्षीलाई प्रचलित कानुन बमोजिम कारवाही गरिपाउँ भन्ने जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानपश्चात सम्मानित ताप्लेजुङ जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको च.नं.१९० मिति २०७९।०४।३१ गतेको पत्रादेश अनुसार निज प्रतिवादी बल बहादुर लिम्बु पुर्पक्षको लागि कारागार चलान भएको ।

## जबरजस्ती करणी मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७९।०४।०६ गते रातीको अ. २३:०० बजेको समयमा जिल्ला सोलुखुम्बु माप्यदुधकोशी गा.पा. वडा नं.०६ कायाखेत स्थित रहेको विशाल राईको होटलमा जिल्ला सोलुखुम्बु महाकुलुङ गा.पा.वडा नं.१ बस्ने बर्ष ३६ को सन्देश राईले उक्त होटेलमा काम गर्ने बर्ष २० की सुजता राईलाई उक्त होटेलमा जबरजस्ती करणी गर्न खोजेको भनी पीडितले जाहेरी दरखास्त दिएकीमा अनुसन्धानपश्चात सम्मानित जिल्ला अदालतमा मुद्दा पेश हुँदा निज प्रतिवादीलाई सम्मानित अदालतको मिति २०७९।०४।२६ गतेको आदेशले पुर्पक्षको लागि कारागार चलान गरिएको ।

## हत्याका अभियुक्त पक्राउ

मिति २०७९।०४।०७ गते बिहानको राती अं.०१:०० बजेको समयमा का.जि.का.म.न.पा.वडा नं. १४ कलंकी सुनारगाउँ स्थित मोतिलाल रिसालले ऐ.ऐ.बस्ने बर्ष ६७ को मोहन सिंह रिसाललाई फलामको रडले टाउकोमा प्रहार गरी सख्त घाईते बनाएकोमा उपचारको क्रममा सोही बिहान ऐ.०२;४५ बजे निज मोहन सिंह रिसालको मृत्यु भएको घटनामा संलग्न मोतिलाल रिसाललाई सोही दिन पक्राउ गरी कर्तब्य ज्यान मुद्दामा अनुसन्धान गरी मिति २०७९।०५।०५ गते सम्मानित काठमाडौं जिल्ला अदालतमा मिसिल पेश भएको ।

## जबरजस्ती करणी मुद्दाका अभियुक्त पूर्पक्षको लागि कारागार चलान

मिति २०७९।०२।१७ गते दिनको अन्दाजी १५:०० बजेको समय देखि जिल्ला इलाम माङ्सेबुङ गाउपालिका वडा नं.२ बस्ने बर्ष ६९ को दिल वहादुर बोखिमले घरमा कोही नभएको मौका पारी परिवर्तित नाम "इलाम - स(०७८/०७९)" लाई ललाई फकाई विभिन्न प्रलोभनमा पारी पटक पटक जवरजस्ती करणी गरेको हुँदा निज कसूरदार दिल बहादुर बोखिमलाई कानून बमोजिम कारवाही गरी क्षतिपुर्ति समेत दिलाई भराई पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा उक्त घटनाको अनुसन्धानपश्चात सम्मानित ईलाम जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०४।२२ गतेको आदेशानुसर प्रतिवादी दिल वहादुर बोखिमलाई पुर्पक्षकोलागि कारागार कार्यालय ईलाम पठाईएको ।

## हत्याका अभियुक्त पूर्पक्षको लागि कारागार चलान

जिल्ला भोजपुर भोजपुर नगरपालिका वडा नं. ८ पोखरे बस्ने वर्ष ६० को सुर्य बहादुर खत्रीलाई प्रतिवादी वर्ष २५ को विवेक तामाङले मिति २०७९।०३।३२ गते रातमा ढुङ्गाले हानी कर्तव्य गरी मारी ऐ. ३२ गते अं. ११:४५ वजेको समयमा ऐ.ऐ. बस्ने वडा नं.६ मा रहेको पानी रहेको खोल्सी स्थित फालेको घटनामा निज प्रतिवादीलाई खोजतलास गरी पक्राउ गरी अनुसन्धान पश्चात सम्मानित जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०४।१७ गतेको आदेशले निज प्रतिवादीलाई पुर्पक्षको लागि कारागार चलान गरिएको ।

## अपहरण मुद्दाका अभियुक्त पूर्पक्षको लागि कारागार चलान

प्रस्तुत मुद्दामा प्रतिवादीहरुले जाहेरवालाको नातिनीलाई जिल्ला मोरङ, रोडशेष चोकबाट अपहरण गरी भारतको नदरभंघा पुऱ्याएको घटनामा नेपाल प्रहरीले उक्त स्थानबाट निजलाई उद्दार गरी नेपाल ल्याएकोमा अनुसन्धान पश्चात सम्मानित मोरङ जिल्ला अदालत पेश हुँदा सम्मानित मोरङ जिल्ला अदालतको मिति २०७९।०४।३० गतेको आदेशले संलग्न प्रतिवादीहरुलाई पुर्पक्षको लागि कारागार चलान गरिएको ।

## हत्याका अभियुक्त पूर्पक्षको लागि कारागार चलान

मिति २०७९।०४।०५ गते अ. १६:४५ बजेको समयमा जिल्ला महोत्तरी पिपरा गा.पा.वडा नं. ०५ सहोडवा गाउँ जाने पक्की सडक देखि पूर्वमा रहेको बाबु साहेब झाको आपको बगैचामा प्रतिवादी रामनाथ दास कोदालि लिई खेत तिर गएको र ऐ.बस्ने वर्ष ६० को राम बहादुर दास बगैंचामा सुतिरहेको अवस्थामा प्रतिवादी रामनाथ दासले कोदालोको धारिलो भागले ३/४ पटक प्रहार गरी कर्तब्य गरी कोदालो नजिकै रहेको कुलोमा फालेको घटनामा अनुसन्धान प्रकृया पूरा गरी सम्मानित महोत्तरी जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०४।३१ गतेको आदेशले निज प्रतिवादी रामनाथ दासलाई पुर्पक्षका लागि कारागार पठाईएको ।

## जबरजस्ती करणी मुद्दाका अभियुक्त लागि कारागार चलान

मिति २०७८।०९।०१ गते २०.०० बजे देखि मिति २०७९।०३।०६ गते सम्म जिल्ला कपिलवस्तु शुद्दोधन गाँउपालिका वडा नं.६ बिमिहा स्थित कृष्ण चौधरी थारूको खाली घरमा जाहेरवाला परिवर्तित नाम ५१ स कपिलवस्तुको छोरी पीडित परिवर्तित नाम ५१ ष कपिलवस्तुलाई जिल्ला कपिलवस्तु शुद्दोधन गाँउपालिका वडा नं.६ बिमिहा बस्ने बर्ष ३२ को नबिन कुर्मीले पीडित परिवर्तित नाम ५१ ष कपिलवस्तुलाई बिभिन्न प्रलोभन तथा धाकधम्की समेत दिई पटक पटक जबरजस्ती करणी गरी निजको पेटमा गर्भ समेत रहेकोले निज प्रतिवादी नबिन कुर्मीलाई पक्राउ गरी पीडितलाई नियामानुसार क्षतिपुर्ति दिलाई भराई कानून बमोजिम गरिपाँउ भन्ने समेत ब्यहोराको परिवर्तित नाम ५१ स कपिलवस्तुको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान सम्पन्न गरी सम्मानित कपिलबस्तु जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०४।०२ गतेको आदेशले निज प्रतिवादी नविन कुर्मी भन्ने नविन चन्द्र चौधरी पुर्पक्षको लागि थुनामा गएको ।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई-बुलेटिन

सत्य सेवा सुरक्षणम्

**प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल, काठमाडौ**

E-mail: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np मोबाईल: ९८५१२९८१९८ फोन: ०१-४४१२७४८